कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३ (कर्मचारी प्रशासन उपशाखा)
च.नं.:

अनुसूची-१५
(नियम ४७ को उपनियम (१) सँग सम्बन्धित)
तहवृद्धिको सूचना
कोहलपुर नगरपालिका, लुम्बिनी प्रदेश, नेपाल

## तहबृद्धिका लागि आवेदन फाराम पेस गर्ने सूचना!

सूचना नं. २-२०८२/०८३
(सूचना प्रकाशित मिति २०८३/०३/१८)

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्रास गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्रास गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदबारहरुले माथिल्लो तहमा तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची -१६ बमोजिमको ढाँचामा १५(पन्ध्र) दिन २०८३ असार मसान्तसम्ममा तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

............................
(मान बहादुर गिरी )
प्रमुख प्रशासकीय अधिकृत